**लेकवेशी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय कल्याण, सुर्खेत**

**कर्णाली प्रदेश ,नेपाल**

# सातौं नगर सभा

## लेकवेशी नगरपालिकाको आ.व. २०७७/०७८वार्षिक नीति, कार्यक्रम तथा बजेट

### नगरसभाका सभाध्यक्ष ज्यू,

जनताको अथक प्रयास योगदान तथा बलिदानीबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई नेपालको संविधानबाट स्थापति यस लेकवशी नगरपालिकाको सातौं नगर सभामा नगरपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गैरव महसुस गरिरहेको छु । जनताबाट हामी निर्वाचित भई जनताले हामीप्रति गरेको अपार विश्वासको जगमा टेकेर "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय अभियानमा सहभागी भई जनचाहनालाई संबोधन गर्दै अघि बढ्ने बेला भइसकेको छ । यस अवसरमा मुलुकको अखण्डता, सार्वभौमिकता, राष्ट्रिय अखण्डता ,स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र र सामाजिक न्यायका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने वीरवीरंगना शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै जनअधिकारका प्राप्तीका क्रममा वेपत्ता तथा घाइते योद्धाहरू आन्दोलनको नेतृत्व गर्ने अग्रजहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । साथै विश्व मानवजातीलाई चुनौतिको रुपमा आएको COVID –19 कोरोना महामारीको कारण अमुल्य जीवन गुमाउनुहुने २४ जना नेपाली दाजुभाई तथा दिदीबहिनी लगायत विश्वभरीका कोरोना महामारीकै कारण मृत्युवरण गरेका करीब ४लाख ६१ हजार ७ सय पन्ध्र मृत आत्माको चीर शान्तीकोकामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै कोरोना महामारीको विश्वव्यापी लडाईमा छिट्टै मानव समुदायले विजय प्राप्त गर्ने विश्वासका साथ कोरोना उपचारको अनुसन्धानमा सफलता प्राप्तिको शुभकामना व्यक्त गर्दछु । कोरोना संक्रमित नेपालका १० हजार ९९ जना र विश्वभरीका करीब ८७ लाख ८ हजार ८ जनाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

मुलुकको राष्ट्रियताको सवालमा सवै नेपाली एकमत छन भन्ने सन्देश नेपालले विश्व समुदायलाई दिएको छ । वर्षौं देखि भारतद्धारा अतिक्रमित नेपालको भूमि कालापानी ,लिपुलेक ,लिम्पियाधुरा समेटिएको नक्सा नेपाल सरकारद्धारा जारी राजनीतिक तथा प्रशासनिक नक्सा मुलुकको निसान छापमा अंकित गर्न संघीय संसदबाट नेपालको संविधान संशोधन प्रस्ताव सर्व सम्मत रुपमा पारित भएको सुखद घडीमा स्वाभिमानी सम्पूर्ण नेपालीहरुलाई बधाई ज्ञापन गर्दै संघीय संसद तथा नेपाल सरकार प्रति उच्चसम्मान सहित आभार व्यक्त गर्दछु ।

आज हामी लेकवेशी नगरपालिकाको भावी योजनासहितको सातौं नगरसभा सम्पन्न गर्न गइरहेका छौं । विगत वर्षहरुको अनुभव बाट पाठ सिक्दै स्थानीय तहको अधिकार क्षेत्र, नेपालको संविधान,राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूलाई आधारको रुपमा लिदै, स्थनीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिग्दर्शन २०७४, अर्थ मन्त्रालयबाट जारी स्थानीय तहमा बजेट तर्जुमा, महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४,जनप्रतिनीधिहरुको राय सुझाव ,आन्तरीक राजश्व, संघीय सरकार र प्रदेश सरकारबाट उपलब्ध गराइएको बजेट सीमालाई आधार मान्दै आ व २०७७/०७८ को वार्षिक नीति , कार्यक्रम तथा बजेट तर्जुमाका लागि निम्न विधिहरू अवलम्बन गरिएको छ ।

(१) सिमित श्रोत साधनबाट असिमित आवश्यकता तथा आकांक्षालाई सम्बोधन गर्न लेकवेशी नगरपालिकाभित्रका स्थानीय स्तरको माग संकलन गरिएको छ ।

(२) स्थानीय स्तरबाट प्राप्त भएका मागलाई संबोधन गर्ने गरी नगर स्तरीय गौरवका प्रत्येक वडास्तरीय योजना तथा कार्यक्रमहरू समावेश गरिएको छ ।

(३) नगरपालिकाका जनप्रतिनीधी ,स्थानीय समाजसेवी, वुद्धिजिवी र नागरिक समाजका प्रबुद्ध व्यक्तिहरूको अनुभव, राय तथा सुझावहरूलाई समेत आधार मानी वडा तहबाट प्राप्त आयोजना तथा कार्यक्रमहरूलाई आधार मान्दै कार्यपालिकामा व्यापक छलफल गरी यस सम्मानित नगर सभामा पेश गरेको छु ।

(४) संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानलाई तत्-तत् विषयगत क्षेत्रमा खर्च गरिनेछ ।

**आयोजना प्राथमिकीकरणका आधारहरू**

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादन र छिटो प्रतिफल दिने,
- राजश्व परिचालनमा योगदान पुर्‍याउने,
- संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा अभिवृद्धि गर्ने,
- दिगो विकास, वातारण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने,
- स्थान विशेषको संस्कृति र पहिचान अभिवृद्धि गर्ने,
- स्वास्थ्य क्षेत्रलाई सम्बोधन गर्ने ।

***सभा अध्यक्षज्यू,***

मुलुकको नयाँ परिवर्तित राजनीतिक परिवेशमा राज्यको पुन:संरचनामा कामकाज गर्दा अवश्य पनि केही अनुभव तथा अभ्यासका कारण नगरपालिकाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्ने सन्दर्भमा केही कमिकमजोरी भए होलान् । हामी समय परिस्थितिसंगै अभ्यस्थ हुँदै नगरमा कार्यप्रणालीमा सुधार ल्याई सुशासन कायम गरी जनताको जीवन स्तरमा सुधार ल्याउने कुरामा दृढ संकल्पित एवं प्रतिबद्ध छौं । हामीहरू निर्वाचित भएपश्चात् हामीले ४ वटा बजेट जनसमक्ष ल्याइसकेका छौं । हामीले यस अवधिमा वर्षौंदेखि यातायातको अभावमा सुस्केरा हालेर पैदल उकालीओराली गर्दै गुजारा गरिरहेका जनताहरूलाई केही मात्रामा भए पनि जनताको जीवनलाई सहज बनाउने प्रयास गरेका छौं । यस अवधिमा व्यापक मात्रामा बस्ती बस्तीमा सडकको नयाँ ट्रयाक खोलेका छौं । आर्थिक वर्ष २०७६।७७ मा हामीले कोरोना माहामारीका कारण मुलुक लकडाउन भएकाले योजना तथा कार्यक्रमहरु प्रभावित भएका छन् । मुलुकका विभिन्न स्थान तथा विषेश गरी भारतबाट आएका नागरीकहरुलाई कोरेन्टाईन राखि संक्रमण रोकथामका लागी राख्नु पर्ने भएकोले आकश्मिकरुपमा हाम्रो जस्तो ठूलो बजार नभएको ठाउँमा यातायात ,खाना ,आवाश ,उपचार लगायत व्यवस्थापन गर्न केहि कठिनाईहरु भए ता पनि हामीले छिटफूट घटना बाहेक सवैको सहयोमा हाल सम्म व्यवस्थापन गरेका छौं । हामी थुप्रै शिर्षकबाट रकमान्तरण गरि प्रारम्भमा नगरपालिकामा एक करोड को प्रकोप व्यवस्थापन कोष स्थापना गरयौं । केहि सहयोगी हातहरुले विपदको घडीमा हामीलाई नगद तथा वस्तुगत सहयोग गरी भुल्नै नसक्ने गुण लगाउनु भएको छ । महामारीको समयमा हामीलाई सहयोग गर्ने स्याक नेपाल संस्था सुर्खेत ,सून्दर नेपाल संस्था सुर्खेत , कोपिला भ्याली सेवा समाज सुर्खेत , गंगामाला सहकारी , ईसाइ समाज लेकवेशी ,सानाकिसान सहकारी , सामुदायिक अपांग समाज , ईन्द्र बहादुर ,हिमाली वचत तथा ऋण सहकारी संस्था वी.न.पा.९,उद्योग वाणिज्य संघ भेरीगंगा ,आलमदेवी पंचैवाजा संरक्षण समिति लेकवेशी ,सानाकिसान सहकारी संस्था लेकवेशी वडा नं.१ ,पूर्व सभासद हृदयराम थानी ,शंकर प्रसाद भट्टराई ....लगायत सवैलाई यस अवसरमा धन्यवाद दिन्छु । कोरोनासंगको लडाई सकिएको छैन । हामी सवै चनाखो भएर कोरोना संक्रमण लाई रोक्नु परेको छ ।कोरोना संक्रमण नियन्त्रणका लागी आर्थिक नैतिक तथा सामाजिक सवै प्रकारको सहयोगको लागी सवै लाई आव्हान गर्दछु ।

सभा अध्यक्ष ज्यू

हामीले ६ वटा नगर सभा सम्पन्न गरी यो ७ औं नगर सभामा प्रवेश गरेका छौं ।यस अवधिमा जम्मा ७९ वटा नगर कार्यपालिकाका बैठकहरू सौहार्दपूर्ण वातावरणका साथ सम्पन्न गरेका छौं । नगर तथा वडा कार्यालयबाट जनजीविकाका सवालहरु सम्बोधन गर्न साधन श्रोतको अधिकतम प्रयोग गरी सवै जनप्रतिनिधीहरु ,कर्मचारीहरु कृयाशिल भईरहनु भएको छ ।

हामीले नगरपालिकाको कार्यप्रणालीलाई व्यवस्थित गर्न हालसम्म जम्मा २५ वटा ऐन, नियमावली, कार्यविधिहरूनिर्देशिकाहरू पास गरी लेकवेशी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यन्वयनमा ल्याएका छौं ।

विकासमा योजना तर्जुमादेखि कार्यान्वयन तथा योजना सम्बर्धनसम्म जनसभागिता गराई जनतालाई नजिकको सरकारको अनुभूति गराउने प्रयास गरेका छौं । साथै यस नगरको आ.व. २०७७/०७८मा देहायका विषयगत क्षेत्रमा निम्नानुसारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १.आर्थिक विकास तर्फ :

- जनताको आयश्रोत तथा क्रय क्षमताका आधारमा करका दरहरू निर्धारण गरी नगरपालिकाको आयश्रोत वृद्धि गरी जनसरोकार तथा जनजीविकाको स्तर सुधारमा लगानी वृद्धि गरिने छ ।
- **स्थानीयस्तरमा उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गरि उद्यम स्थापना तथा संचालन गरिनेछ ।**
- **लघु, घरेलु तथा साना उद्यमको विकास र विस्तारका लागि विभिन्न प्रर्वद्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।**
- **सीप विकास तालिम मार्फत सीपको अभिवृद्धि गरि स्वरोजगारमूलक क्रियाकलापहरु संचालन गरिनेछ ।**
- **नगरभित्र दर्ता तथा संचालनमा रहेका उद्योग तथा व्यवसायहरुको कम्प्युटर प्रणालीमा आधारित रहि अद्यावधिक लगत संकलन तथा प्रविष्टी गरिनेछ ।**
- **नगरभित्र दर्ता नभई संचालन भैइरहेका उद्योग तथा व्यवसाय फर्महरुलाई नगरमै दर्ता प्रक्रियामा ल्याउने तथा सोका लागि प्रचार प्रसारका कार्यक्रम गरिनेछ ।**
- **उद्योग तथा व्यवसायबाट नगरलाई प्राप्त हुने उद्योग रजिष्ट्रेशन, नविकरण तथा सो को अन्य प्रशासनिक शुल्क तथा दस्तुर तोकेर उठाउने लगायत उद्योग प्रशासन तथा व्यवसाय प्रशासनसंग सम्बन्धित कार्य गरिनेछ ।**
- **उद्यमशीलता सचेतना कार्यक्रम मार्फत उद्यमशीलता विकास गरिनेछ ।**
- **परम्परागतरुपमा संचालनमा रहेका उद्यमलाई नयां र आधुनिक प्रविधिसंग आवद्ध गराई सीप र क्षमताको अभिवद्धि गरिनेछ ।**
- **रुग्ण र जिर्ण उद्योगहरुको अध्ययन गरि स्तरवृद्धिको लागि स्तरोन्नतीका कार्यक्रम संचालन गरिनेछ ।**
- **राज्यको समावेशी विकासको सिद्धान्त अनुरुप आर्थिक तथा सामाजिक रुपमा पछि परेका व्यक्ति तथा समुदायमा सीप विकास तथा उद्यमशीलता विकास तालिम प्रदान गरिनेछ ।**
- **स्थानीयस्तरमा उत्पादन भएका उत्पादनको बजारीकरणका लागि समन्वय र सहकार्य गरिनेछ ।**
- **उद्यम विकासको क्षेत्रमा सक्रिय विभिन्न व्यक्ति, विकास साझेदार संस्थाहरुको क्षमता विकासको लागि समन्वय र सहकार्यमा आवश्यक तालिम तथा गोष्ठीको आयोजना गरिनेछ ।**
- **उद्यमी श्रृजना तथा रोजगार दिइने उद्यमशील समुहलाई प्रोत्साहन तथा सहयोगका कार्यक्रमहरु संचालन गरिनेछ ।**

### (ख)कृषि नीति तथा कार्यक्रम :

(१) "समृद्ध नगर सुखी नगरबासी"को नगर अभियानलाई सफल पार्न कृषि नै महत्वपूर्ण क्षेत्र हो । कृषिलाई समयसापेक्ष ढंगले बढ्दो जनसंख्यालाई खाद्यान्न आपूर्तिमा आत्मनिर्भर नगर बनाउन कृषिमा आधुनिकीकरण गरिनेछ। आधुनिक कृषि औजारहरूको व्यापक प्रयोग गरी कृषि कार्यलाई सरल र सहज पारिने छ । समग्र कृषि कार्यक्रमको लागिआवश्यक बजेट विनियोजन गरेको छु ।

(२) कृषि तथा पशु विकास फारामहरू स्थापना गरी रोजगारीको श्रृजना तथा आन्तरिक कृषि पर्यटनको विकास गरिनेछ ।

(३) नगरपालिकाको लेकाली भेगमा कागती तथा सुन्तला अम्बा लगायत लेकाली फलफूल खेती र मसला खेती,टीमुर लगायत जडिबुटी खेती गरिनेछ । वेशी भेगमा तरकारी तथा अन्न उत्पादनमा जोड दिईने छ । वेशीको अन्न लेकमा लेकको फलफूल वेशीमा विनिमय गरी आन्तरीक वजारीकण गरी सन्तुलित बजारीकरण तथा सन्तुलित जीवन शैली अपनाईने छ ।कृषि व्यवसाय तथा बजारीकरणको लागी आवश्यक रकम विनियोजन गरेको छु ।

(४) यस नगरपालिकालाई वोयर बाख्रा श्रोत केन्द्रको रुपमा विकास गरिने छ ।  लागत सभागितामा बाख्रापाल व्यवसायिका प्रवद्धनका  लागी रु १करोड विनियोजन गरेको छु ।

(४) नगरबासीको समृद्ध तथा सुखी जीवनका लागि स्वास्थ्य महत्वपूर्ण पक्ष हो । स्वस्थ नागरिकका लागि स्वस्थ खाद्यन्न हुनु जरुरी छ ।त्यसैले हाम्रो उत्पादन पनि स्वस्थ हुनु जरुरी छ ।अतः **"हाम्रो भूमि योजना हाम्रो,अर्गानिक उत्पादन,स्वस्थ जीवन राम्रो"**कार्यक्रमका लागि खेतीमा विशिष्टकरणमा(बालीविशेष पकेट क्षेत्रमा) जोड दिइने छ ।

(५)दुग्घ जन्य पशु तथा मासु जन्य पशुको नश्ल सुधार योजना ल्याइने छ । पशु उपचार सेवालाई प्रभावकारी गराइने छ ।

(६) कोरोना विश्वव्यापि महामारीका कारण रोजगारी गुमाएका बेरोजगार युवाहरूलाई पशु तथा कृषि व्यवसायमा आकर्षण गरी रोगजारी श्रृजना गरिने छ ।

(७) कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणको लागि छिमेकी स्थानिय तह,प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय तथा सहकार्य गरिने छ ।

(८) कृषि तथा पशुपालन व्यवसायलाई सुरक्षित गर्न कृषकहरुलाई प्रोत्साहन गर्न ,विभिन्न प्रकोप तथा रोगको उपचार छिटो छरितो गर्न प्राविधिकहरुको पहुँचलाई विस्तार गरिने छ ।

(८)  वेरोजगार व्यक्तिहरूको तथ्यांक संकलन गरी सूचीकृत गरिने छ । बेरोजगार सूचीकृत युवाहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगारकार्यक्रमसँग समन्वय तथा सहकार्य गरी स्थानिय योजना तथा कार्यक्रममा सहभागी गराई रोजगारीको अवसर प्रदान गरिने छ ।

**(ग) यस नगरपालिकाको वडा नं.९ साटाखानीमा संघीय तथा प्रदेश सरकारको सहयोगमा कर्णाली प्रदेशस्तरीय औद्योगिक क्षेत्रको स्थापनाका लागि पहल गरिने छ ।**

**(घ) पर्यटन तर्फ**

(१)प्रदेश तथा संघीय सरकारको समन्वयमा लेकवेशी नगरका पर्यटन स्थलहरु मालधुरी नेटा ,भोटेदरवार सात्तले गुफा,वाग्दुल्ला गुफा,ठयूरो गुफा,ऋषि गुफा , लामीडाँडा थाम,लगायतका  पर्यटनको विकास गरिने छ ।

(२)संघीय सरकार प्रदेश सरकार र विकास साझेदार संघसंस्थाहरूको समन्वय तथा सहयोगमा भेरी-ववई डाइभर्सनको मुहान भेरी किनार छोटेमा होमस्टे,होटल लज तथा पिक्निक स्पोर्टको रुपमा विकास गरी पर्यटकलाई आकर्षण गरिने छ ।

## २.भौतिक पूर्वाधार तर्फ :

(१)  यस नगरको समुद्धि र सामाजिक तथा सांस्कृतिक विकाससँग जोडिएको धुलियाबिट भेडावारी वाटेचौर सडक संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी सडक निर्माण गर्न हामीले थुप्रै प्रयास गर्दा पनि सार्थक परिणाम ननिस्किएको वर्तमान परिस्तिमा उक्त सडकको स्तर उन्नतिको लागि पुनः तत्कालै परिणाममुखी पहल गरिने छ ।

(२)आवश्यकताका आधारमा नयाँ सडकहरू बनाइने छ । सडक निर्माणका नाममा केही व्यक्तिहरूको अल्पकालिन स्वार्थका लागि  खेतीयोग्य जमीनहरूलाई प्लटिङ्ग गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।

(३)  सडक यातायातको सुधारका लागि क्रमशः कल्पना चोक नेटा सडक,दशरथपुर नेटा सडक,कोलखोला लामीडाँडा सडक,जहरे मीलडाँडा फूलवारी लेखगाउँ कफ्लेनी दहसडक,लवना पाखापानी दह सडक,गंगटे सिम्दमाररुप्से सडक,झुप्रा साटाफाँट टिमुरकोट सडक,गंगटे वनकुना सडक,वडीपाटी चौरासे ढाँडखेत सडक, मछेलटार लामीदमार टिमुरकोट लगायतका  सडकलाई संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय,सहकार्यमा स्तरउन्नति गरिने छ ।

(४)  सबै सडकहरूको RIGHT OF ROAD निर्धारण गरी सडक संरक्षण गरिने छ । हरित सडक निर्माण गरिने छ ।

(५)नगरभित्रका खाली बाँझा बारीहरूमा श्रोत भएसम्म संघीय सरकार,प्रदेश सरकार, सहयोगी विकास साझेदार संघसंस्थाहरूसँग सहकार्य समन्वय गरेर साथै हाम्रो आफनै श्रोतसाधन प्रयोग गरेर सिंचाई योजनाहरू संचालन गरी उत्पादन वृद्धिमा जोड दिइनेछ ।साथै सिंचाई श्रोत नभएका बाँझा बारीहरूमा वैकल्पिक खेती गर्ने योजना ल्याइने छ । यसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

(६)भेरी-बवई डाइवर्सन आयोजनाको सहयोग तथा समन्वय सहकार्यमा भेरी करिडोर सिंचाई तथा पर्यटन विकास गरिने छ ।

(७) यस नगर क्षेत्रमा संघीय सरकार प्रदेश सरकारसंग सहकार्य तथा समन्वय गरेर विद्युत सेवा नपुगेका बस्तीहरूमा विद्युत सेवा विस्तार गरिने छ ।

(८) नगरको गौरवको योजना अन्तरगत लागत सहभागितामा नगरपालिको प्रशासकीय भवनको लागी रु १ करोड र वडा नं. २,३,४,७,८ र १० को वडाप्रशासनिक भवनका लागी रु १ करोड ८० लाख विनियोजन गरेको छु ।

(९) नगरपालिकामा सडक पूर्वाधार निर्माण लगायतका विकास निर्माण कार्य प्रभावकारी बनाउन नगरपालिकामा एक वटा जे.सी.भि. र १वटा टिप्पर खरिद गरिने छ । यस्को लागि रु ९० लाख रुपैंया विनियोजन गरेको ।

## ३.सामाजिक विकास तर्फ :

**(क) खानेपानी तर्फ** :जनतालाई शुद्ध खानेपानी उपलब्ध गराउन श्रोतले भ्याएसम्म संघीय सरकार,प्रदेश सरकार, विकास साझेदार संस्थासंग सहकार्य समन्वय गरेर खानेपानी योजनाहरू सचालन गरिनेछ ।साथै श्रोत नभएका बस्तीहरूमा खानेपानी घैंटो कार्यक्रम ल्याईने छ । विगतमा यस नगरका सबै वडाहरू खुलादिसामुक्त क्षेत्र घोषणा भइसकेकोले अब पूर्ण सरसफाई अभियान चलाइने छ । खानेपानी तथा सरसफाई कार्यक्रमका निम्ति आवश्यक रकम विनियोजन गरेको छु ।

**(ख) शिक्षा तर्फ :**

(१) विद्यालय भनेको मानव विकासको जग हो ।दक्ष जनशक्ति विना समृद्धि प्राप्त गर्न सकिदैन । त्यसैले स्थानीय योग्य जनशक्ति उत्पादनको लागि शिक्षामा लगानी गर्ने नीति अवलम्बन गरिनेछ ।

(२) औपचारिकताको लागि मात्र होइन शिक्षा ।अवको शिक्षा भनेको कति पढेको छ भन्ने मात्र होइन कति गुण सिकेको छ भनेर गुणात्मक मापन गर्न जरुरी छ । अव साँच्चीकै गुणात्मक परिमाण मापन गर्न तर्फ जान विज्ञहरुसँग परामर्श गरि नयाँ शैक्षिक नीति तयार गरिने छ । हाम्रो शिक्षाले हाम्रो सभ्यता र संस्कृतिको रक्षा गर्नु पर्दछ । सु-संस्कारयुक्त नागरिक उत्पादन गर्नुपर्दछ ।त्यसैले विगतको अनुभव वर्तमानको आवश्यकता र भावि हाम्रा योजनाहरूको नेतृत्व शिक्षाले गर्नु पर्दछ । अतः सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा अनिवार्य गरिनेछ । बालवालिकालाई **विद्यालयमा ल्याऔं र पढाऔं** भन्ने कार्यकम प्रभावकारी वनाईने छ ।

(३) शिक्षकहरुको पेशागत विकासलाई सूचना र प्रविधिसँग जोडी शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइनेछ ।

(४) विद्यालयहरुमा भौतिक पूर्वाधारको विकास गरिनेछ ।

(५) शिक्षाको गुणस्तर बढाउन दरबन्दी अपुग भएका विद्यालयहरुमा विषयगत स्वयंम्सेवक शिक्षकको व्यवस्था गरिनेछ । यस्को लागी आवश्यक रकम विनियोजन गरेको छु ।

(६)विद्यालयमा खेलकुदका साथै अतिरिक्त क्रियाकलापलाई थप प्रभावकारी बनाइनेछ ।

(७)सबै विद्यालयमा बालविकास केन्द्रको पहुँच पुऱ्याइनेछ ।

(८)“एक वडा एक अगुवा” विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरी थप प्रभावकारी बनाइनेछ ।

(९)आवश्यकताका आधारमा अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(१०) शिक्षा सम्बन्धी ऐन नियमहरु बनाई आधारभुत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा एकरुपता कायम गरी प्रभावकारी बनाइनेछ ।

(११) किशोरीहरूले MENSTRUAL (महिनावारी)हुँदा विद्यालय छोड्ने परिपाटीलाई अन्त्य गर्न विद्यालयहरूमा SENITARY PAD राख्ने व्यवस्था मिलाइने छ ।

**(ग) स्वास्थ्य तर्फ :**

(१) अहिले कोरोना माहामारी विश्वकै चुनौतीकै रुपमा आएको छ । कोरोनासंगको लडाईमा कसरी विजय प्राप्त गर्ने यतिखेर हामी गम्भिर भएर सोच्नु र योजना बनाउनु जरुरी छ । यो महामारीले हाम्रो विकास निर्माण ,आर्थिक अवस्थामा गम्भिर असर पुरयाएको छ । हामीले महामारी रोक्न हाम्रो श्रोत साधनले भ्याए सम्म अधिक्तम प्रयास गरिरहेकै छौं । यस्तो महामारीको अनुभव यो पिंढिका हामी कसैले अनुभव ,कल्पना गरेका थिएनौं । त्यसैले पनि आकश्मिक रुपमा

अभ्यासमा हाम्रा जानेर नजानेर केहि कमि कमजोरी भए होलान । यस अवधिमा हामीले नगरका सबै जसो कार्यक्रमहरु रोकेर महामारी नियन्त्रणमा लाग्यौं पनि । थुप्रै चुनौतीहरु पार गर्दै केहि हद सम्म नियन्त्रणमा ल्याउन सफल पनि भयौ । यो महामारी अझ सकिएको छैन यस्लाई नियन्त्रण गर्न हामी अझै निरन्तर लागिरहने छौं । सवै खाले महामारी नियन्त्रणका लागि आवश्यक रकम विनियोजन गरेको छु । यो विषम परिस्थितीमा महामारी नियन्त्रणमा खटिनुहुने सवै जनप्रतिनिधिहरु,राजनीति कर्मीहरु, स्वास्थ्य कर्मीहरु ,कर्मचारीहरु ,सुरक्षा कर्मीहरु सवैलाइ धन्यवाद दिन्छु ।

(२) रोग लाग्नुभन्दा रोग लाग्न नदिनु नै स्वास्थ्य क्षेत्रको महत्वपूर्ण विषय हो । आनीबानी तथा व्यवहार र खानपानमा सुधार गरी शारीरिक तन्दुरिस्तीका लागि नियमित व्यायम तथा योग शिक्षाद्वारा जनतालाई सचेतीकरण गरिने छ ।

(३) नगर क्षेत्रमा रहेको दशरथपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालमा रुपान्तरण गरी साधन श्रोत सम्पन्न १५ शैयाको अस्पतालको रुपमा विकास गरिने छ ।

(४) संघीय तथा प्रदेश सरकारको सहयोग तथा समन्वयमा स्वास्थ्य संस्था नभएका सवै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र स्थापन गरीने छ ।

(५)बालबालिकालाई दिइने नियमित खोपलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी पूर्ण खोपयुक्त नगर अभियान चलाइने छ ।

(६)“स्वास्थ्य बीमा,निःशुल्क उपचार,स्वस्थ नागरिक जिम्मेवार नगर सरकार” कार्यक्रमका लागि विपन्न नागरिकको स्वास्थ्य उपचारको सुनिश्चितता गर्न सबैका लागि स्वास्थ बीमा कार्यक्रमलाई सबै वडाहरूमा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

(७)नगरपालिकामा अत्यावश्यक औषधी स्टक, आकस्मिक चिकित्सक सेवा तथा शुलभ औषधिका लागि विशेष व्यवस्था गरिने छ ।यस्को लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

(८) विभिन्न स्थानमा स्वास्थ्य विषेशज्ञ शिविर संचालन गरी नगरबासीलाई घरदैलोमा स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।

(९)मानसिक स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

(१०) रोग पहिचानको लागि सबै स्वास्थ्य चौकीहरूमा ल्याव सेवा संचालन गरिने छ ।

(११) नगर अस्पताल दशरथपुरमा सर्पदंस उपचार केन्द्र स्थापना गरिने छ ।

(१२) स्वास्थ्य संस्थाहरूको तथ्याङ्क विद्युतीय प्रणालीमा राखिने छ ।

(१३) स्वास्थ्य संस्थाहरूमा प्रभावकारी उपचारको लागि सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक उपकरण उपलब्ध गराइने छ ।

(१४) महिला स्वयंसेविका र स्वास्थ्यकर्मीलाई प्रभावकारी स्वास्थ्य सेवाको लागि प्रोत्साहन गरिने छ ।

(१५) मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम अन्तरगत १००० दिन आमाहरूको लागी पोषण कार्यकम संचालन गरीने छ ।

(१६) सबै गर्भवती भएका घरमा हरियो झण्डा, बाबालाई चिठी र संदेशमूलक फ्लेक्स राखिने छ ।

(१७) विभिन्न किसिमका किटजन्य,सरुवा र नसर्ने रोग सम्बन्धी चेतनामूलक अभिमुखीकरण कार्यकम संचालन गरिने छ ।

**(घ)श्रम तथा रोजगार**

**१) स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रुपान्तरणको लागि पहल आयोजना मार्फत समुदायको विकाससँगै सामाजिक सुरक्षाको प्रत्याभूति गराईनेछ ।**

**२) कोभिड-१९ (कोरोना भाइरस) को विश्वव्यापी महामारीले वैदेशिक तथा विभिन्न स्थानबाट फर्किएका १८ देखि ५९ वर्ष उमेर समूहका व्यक्तिहरुलाई बेरोजगारको सूचीमा सूचीकृत हुन आह्वान गरि सूचीकृत व्यक्तिहरुलाई नगरपालिकामा**

संचालित स्थानीय भौतिक पूर्वाधार, उद्योग, निर्माण तथा सेवा क्षेत्रमा परिचालन गरिनेछ । साथै रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारदातासँग सम्पर्क स्थापित गराई रोजगारी प्राप्तिमा सहयोग गरिनेछ ।

३) नगरपालिकामा बसोबास भएका तर रोजगारी, उद्यम, व्यापार, व्यवसाय नभएका परिवारका कम्तीमा १ जना सदस्यलाई स्थानीय पूर्वाधार निर्माणमा रोजगारी दिई नगरपालिका भित्र कोही पनि भोकै नपर्ने अवस्थाको सिर्जना गरिनेछ ।

**(ङ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ :**

(१) मानव सभ्यताको कलंकको रुपमा रहेको मान्छेले मान्छेलाई नछुने कूसंस्कारको अन्त्य गरी सबै जातजाति,धर्म,सँस्कृति परम्पराको संरक्षण र सम्बर्धन गरी सबै किसिमका भेद्भावको अन्त गरी समतामूलक समाज निर्माणका लागि सामाजिक कार्यक्रमहरू ल्याइने छ ।

(२) महिला, बालबालिका,आदिवासी जनजाति,अपांग जेष्ठ नागरिकहरूका लागि क्षमता विकास तथा सशक्तीकरणका लागि र आर्थिक उपार्जनका विशेष कार्यक्रमहरू ल्याइने छ । श्रोत साधनमा सीमान्तकृत वर्गको पहुंच सुनिश्चित गरिने छ ।सीमान्तकृत समुदायको क्षमता विकासको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

(३) महिला हिंसा,जेष्ठ नागरिक विरुद्ध हुने हिंसा, बाल श्रम, बाल विवाह,छुवाछुत लगायत सबै प्रकारका सामाजिक विकृतिको अन्त्यका लागि कार्यक्रमहरू ल्याइनेछ ।

४)महिला समूह, समिति र संस्था गठन गरी तिनीहरुको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

५) महिला विकास सहकारी संस्थाहरुको संस्था व्यवस्थापन तथा क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६)हिंसा पिडित तथा विपद्मा परेका महिला तथा बालबालिकाहरुका लागि आपतकालिन उद्धार कोषको स्थापना गरिनेछ ।

७)वडा तथा नगरस्तरिय बालक्लब गठन वा पुर्नगठन गरिनेछ ।

८)बाल अधिकार संरक्षण सम्वर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

९)बालविवाह न्यूनिकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०)वडा तथा नगर स्तरीय ज्येष्ठ जागरिक समूह समिति गठन गरिनेछ ।

११)अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## ४. वन तथा वातावरण :

लेकवेशी नगर क्षेत्रमा बन्ने सबै सडकका दुवै किनारामा बाँस,चिउरी, कपुर, धुपि सल्लो, अम्रिसो, दब्दवे, किमु आदि जातका बिरुवा लगाई लेकवेशी नगर हरियाली शहर बनाइने छ ।यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(१) मुलुकमा प्रजातन्त्रको प्राप्तिको लागि २०३६ सालको घुम्ने काण्डमा अमूल्य जीवन गुमाएका वीर सहीदको सम्फनामा ऐतिहासिक स्थल दशरथपुरमा सहीद पार्क निर्माणको लागि प्रदेश सरकारसंग समन्वय गरी कार्यान्वयन गरिने छ ।

(२) दशरथपुरमा रहेको वनकार्यालयको क्षेत्रमा आवश्यक पर्ने बिरुवाहरूको नर्सरी राखिने छ ।

(३) संघीय तथा प्रदेश सरकारको सहकार्यमा नदी नियन्त्रण कार्यकम कार्यान्वयन गरिने छ ।

## ५. सुशासन तथा संस्थागत विकास तर्फ :

१. नगरपालिकाको सेवालाई प्रभावकारी बनाउनका लागि कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका तालिमहरु संचालन गरिने छ ।कर्मचारीहरुलाई कार्यक्षेत्रमा उत्प्रेरणाजगाउनको लागि प्रोत्साहन कार्यक्रम ल्याईने छ ।

२. समाजमा उठेका विवादहरुलाई मेलमिलापको माध्यमद्वारा दीर्घकालीन तथा स्थायी समाधान गरिने छ । यसको लागि नगर न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन लागि पदाधिकारी तथा कर्मचारी र मेलमिलापकर्तालाई क्षमता विकास तालिम तथा पूर्वाधारको विकास गरिने छ ।

आर्थिक वर्ष २०७७/०७८ मा कार्यान्वयन हुने उल्लेखित नीति तथा कार्यक्रमका लागि कूल जम्मा रु. **६० करोड ४० लाख ७६ हजार २ सय २२ रुपैंया** विनियोजन गरेको छु । कुल विनियोजित बजेटमध्ये **चालु खर्चतर्फ ३९करोड ११ लाख ४४हजार ३ सय ९२ रुपैयाँ** र **पूँजीगततर्फ २० करोड ५६ लाख २९ हजार १५ रुपैंया** विनियोजन गरेको छु । त्यसै गरी **विकास साझेदार संघसस्थाहरुको कार्यक्रम वापत रु ७३ लाख २ हजार ८सय १५ रुपैया** रहेको छ। आर्थिक वर्ष २०७५/०७६ यथार्थ, आर्थिक वर्ष २०७६/०७७को संशोधित , २०७६।०७७को जेष्ठ महिना सम्मको यथार्थ र आगामी आ.व.२०७७/०७८को अनुमानित आय-व्यय विवरण संलग्न अनुसूचीहरुमा उल्लेख गरिएको छ ।

आगामी आ.व. २०७७/०७८ मा अनुमान गरिएको खर्चमध्ये **आन्तरिक श्रोतवाट रु. १ करोड २४ लाख २ हजार ७ सय ७७ रुपैयाँ , संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानबाट रु. ११ करोड ३६ लाख, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान २५ करोड ७८लाख, संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड रु. ८ करोड ७७ लाख २ हजार ६सय ३० रुपैयाँ , संघीय सरकारबाट विशेष शसर्त अनुदान २ कारोड ४० लाख ,संघीय सरकार समपुरबाट रु. १ करोड २८ लाख ,प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु. ९९ लाख ६० हजार, प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड रु. ७ लाख ७२ हजार र संघीय सरकारबाट प्राप्त सशर्त अनुदान (सामाजिक सुरक्षा)रु. ७ करोड ७७ लाख ३६ हजार , परिचालन गरिने छ ।साथै विकास साझेदार गैरसरकारी संघसंस्थाहरुबाट रु.७३ लाख २ हजार ८ सय १५ रुपैयाँ परिचालन गरिने छ ।**

***सभाध्यक्ष महोदय,***

अन्त्यमा बजेट तयारीको क्रममा निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, सल्लाह, सुझाव दिनुहुने वडाध्यक्षज्यूहरु, नगर कार्यपालिकाका सदस्य ज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधिज्यूहरु, बुद्धिजीवी नागरिक समाजका अगुवाहरु, वजेट तर्जुमामा सहयोग पुर्‍याउने प्रमुख प्रशासकीय अधिकृत लगाएतका सहयोगी कर्मचारीहरु, सुरक्षा निकायबाट प्रतिनिधित्व गर्नु भएका प्रमुख एवं प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु, वजेट कार्यान्वयनमा सहयोग गर्नुहुने संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थाहरुलाई विषेश धन्यवाद दिन चाहन्छु, साथै प्रस्तुत् बजेट कार्यान्वयनमा सबै पक्षको पुर्ण सहयोगको अपेक्षा गरेको छु ।

***धन्यवाद ।***



**शान्तिकुमारी छन्तल**
**नगर उप-प्रमुख**
**लेकवेशी नगरपालिका सुर्खेत**
**१० आषाढ २०७७**